## २) महिला विकास कार्यक्रमबारे जानकारी -कार्यक्रममा राख्ने

अनभिज्ञ ग्रामीण महिला र विकासका आम अवसरको वारिपारिमा साँघुसरह महिला विकास कार्यक्रमको कल्पना गरिएको हो । तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत २०३८ सालमा महिला विकास शाखाको स्थापना अनुपम सन्दर्भमा भएको थियो । संयुक्त राष्ट्रसंघले सन् १९७५ लाई अन्तराष्ट्रिय नारी वर्ष अनि १९७६–८५ लाई संयुक्त राष्ट्रसंघीय नारी दशकका रुपमा मनाउन आह्वान गरेपछि देशभित्र र बाहिर पनि विकासमा महिला सहभागिताको लहर आइरहेको थियो । यसै सन्दर्भमा मूलुकको छैटौं पञ्चवर्षीय योजना(२०३७–४२)मा विकास कार्यमा महिला सहभागिता प्रवर्धन गर्ने नीतिगत अग्रसरता गरियो । महिला विकास शाखाको स्थापना सरकारी तवरबाट महिला सशक्तिकरणका लागि पहिलो सस्थागत व्यवस्था थियो । यस सँग सँगै समय सापेक्ष महिला विकास कार्यक्रमलाई सीमित दायरा भित्र मात्र नराखी यसलाई फराकिलो रुपमा हेर्दै देहायका उद्देश्यहरु तय गरी कार्यक्रमहरु गरिदै आएका छन् ।

### महिला विकास कार्यक्रमको उद्देश्य

१ आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक रुपमा पिछडिएका र अवसरबाट बन्चित विपन्न महिलाहरुको विकासका लागि चरणबद्ध रुपमा चेतना जागरण क्षमता विकास एवं सामाजिक विकास गर्दै स्थानीय स्तरमा महिलाहरुको सक्षम र आत्मनिर्भर सामुदायिक संस्थाहरूको विकास तथा प्रवर्दन गर्ने त्यसका लागि सहकार्यको अवधारणालाई समेत प्राथमिकता दिने ।

२ महिला सशक्तिकरण गरी लैंगिक मुलप्रवाहिकरण गर्ने गराउने ।

३ सामाजिक कुरिति,चेलिबेटी बेचबिखन, देह ब्यपार, घरेलु हिंसा लगायत महिला विरुद्धको अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।

४ स्रोत,साधन र रोजगारीका अवसरमा महिला बर्गको पहुच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्ने ।

५ लैंङ्गिक मुलप्रवाहीकरणका क्षेत्रका विशेषज्ञ सेवा समेत दिन सक्ने गरी centre of excellence का रुपमा संस्थागत क्षमताको विकास गर्ने र महिला वर्गको उन्नति तथा लैंङ्गिक अनुकूल शासन प्रणालीका लागि सम्बन्धित सम्यत्रको क्षमता अभिबृद्धिमा समेत योगदान गर्ने ।

६ केन्द्र तथा जिल्ला स्तरमा महिला सशक्तिकरणका कार्यक्रम सन्चालन र अनुगमन गर्न सघाउ पुर्‍याउन दुबै स्तरमा सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा विकास गर्ने ।

७ सन्चालित कार्यक्रमद्धारा अपेक्षित नतिजा हासील गर्न सकिए नसकिएको हेर्ने र कार्यन्वयन स्तरमा आइपरेका समस्या समाधान गर्न कार्यक्रमको निरन्तर अनुगमन गर्ने व्यवस्था गर्ने ।

**महिला विकास कार्यक्रमको लक्ष्य**
छरिएर रहेका मानवीय तथा आर्थिक स्रोतलाई एकिकृत गरि संस्थागत सुदृढीकरणका माध्यमबाट समानतामा आधारित समुन्नत परिवार निर्माण गर्ने ।

**परिकल्पना** “समतामय सम्पन्न समुदाय”

**ध्येय** “सार्थक अभिकार्यको लागि विपन्न महिलाको साथ”

**महिला विकास कार्यक्रमका ३ आयाम**

क) मूप्रवाहीकरण
ख) समावेशीकरण
ग) सशक्तिकरण

**महिला विकास कार्यक्रमका ५ वटा क्षेत्रहरु**

- ☐ लैङ्गिक समता
- ☐ प्रजनन स्वास्थ्य
- ☐ जीवन उपयोगी शिक्षा
- ☐ पुगीसरी सम्पन्नता
- ☐ सस्थागत सहभागिता

**बालसंरक्षण कार्यक्रम**

बाल अधिकार भन्नाले बालबालिकाले पाउनु पर्ने जन्मसिद्ध अधिकार हो । बालअधिकार सम्बन्धी महासन्धी (सि.आर.सी.) ले बाल अधिकारको चार बाकसको बारेमा व्याख्या गरेको छ । जसअन्तर्गत (वा.सं.वि.स)

क) बाँच्न पाउने अधिकार

ख) संरक्षणको अधिकार

ग) विकासको अधिकार

घ) सहभागीताको अधिकार

उल्लेखित अधिकार मध्य बाल संरक्षणको अधिकार लाई विषेश प्राथमिकताका आधारमा हेर्दै बाल बालिकाको संरक्षणमा यस कार्यालयले निम्नानुसारका कार्य गर्ने गरेको छ ।

- उद्धार
- पुर्नस्थापना
- उपचार
- संरक्षकत्व प्रदान
- शिक्षामा सहयोग
- बालक्लब प्रर्बद्धन

बालबालिका सम्बन्धी ऐन, २०४८ को परिभाषा अनुसार विषय वा प्रसंगले अर्को अर्थ नलागेमा "**बालक**" भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्छ भनि उल्लेख गरिएको छ ।

बालकको संरक्षण र संरक्षकको व्यवस्था गरिएका घरका कोही नहुने बालकको हेरचाह र निजको सम्पत्तिको जिम्मा :उपदफा (१) कुनै बालकको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालकको पालन पोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्छ । त्यस्तो व्यवस्था मिलाउँदा सकभर बालकलाई निजको नजिकको नातेदारको जिम्मा लगाई दिनुपर्छ । त्यस्तो नातेदार कोही नभएमा सो बालकको पालन पोषणको निमित्त निजलाई कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिन सकिनेछ । बालकको पालनपोषणको जिम्मा लिने कुनै नातेदार, व्यक्ति वा संस्था नभएमा त्यस्तो बालकलाई नजिकको बाल कल्याण गृहमा बुझाई दिनुपर्छ ।

(२) उपदफा (१) मा उल्लिखित बालकको कुनै सम्पत्ति भएमा बाल कल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले त्यसको फाँटवारी तयार गरी त्यसमा कम्तिमा दुई जना स्थानीय

व्यक्तिलाई साक्षी राखी त्यसको एक प्रति आफ्नो कार्यालयमा राखेर अर्को प्रति बालकको पालन पोषणको जिम्मा लिने व्यक्ति वा संस्थालाई बुझाउनु पर्छ ।
(३) उपदफा (२) बमोजिम तयार पारिएको फाँटवारी र सो बमोजिमको सम्पत्ति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति, संस्था वा बाल कल्याण गृहलाई कागज गराई जिम्मा लगाई दिनुपर्छ । बालकको सम्पत्ति जिम्मा नलगाउन्जेल सम्म त्यसको रेखदेख तथा संरक्षण गर्ने जिम्मेवारी बाल कल्याण अधिकारी रहेकोमा निजको र निज नभएमा प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

**संरक्षकको नियुक्ति** : (१) बाबु आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित रहेको भए पनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालकको पालनपोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्तो बालकलाई कुनै संरक्षकको जिम्मा लगाउनको निमित्त जोसुकैले पनि बाल कल्याण अधिकारी समक्ष निवेदन दिन सक्नेछ । यस्तो निवेदन पर्न आएमा बाल कल्याण अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो बालकको निमित्त यस दफाको अन्य कुराको अधिनमा रही संरक्षक नियुक्त गरिदिनु पर्छ । (२) उपदफा (१) बमोजिम संरक्षक नियुक्त गर्दा सकभर नजिकको हकवालालाई प्राथमिकता दिनुपर्छ । (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै व्यक्ति संरक्षक नियुक्त हुन वा कायम रहन सक्ने छैन :
(क) मानसिक रोगले पीडित भएको,
(ख) पच्चीस वर्षको उमेर पूरा नगरेको,
(ग) दफा २८ बमोजिम संरक्षकबाट हटाइएको,
(घ) नैतिक पतन देखिने कुनै कसूरमा अदालतबाट दोषी ठहरी सजाय पाएको, वा
(ङ) साहूको दामासाहीमा परेको ।

बालकको संरक्षक बन्न कसैले मन्जुर नगरेमा वा संरक्षक हुन सक्ने उपयुक्त व्यक्ति फेला नपरेमा त्यस्तो बालकलाई बाल कल्याण अधिकारीले कुनै बाल कल्याण गृहमा पठाई दिने व्यवस्था गर्नुपर्छ ।
बालकलाई उपदफा (२) बमोजिम संरक्षकको जिम्मा लगाउँदा वा उपदफा (५) बमोजिम बाल कल्याण गृहको जिम्मा लगाउँदा निजको कुनै सम्पत्ति भएमा सो समेत जिम्मा लगाई दिनुपर्छ । त्यसरी सम्पत्ति जिम्मा लगाउँदा त्यसको फाँटवारी तयार गरी एकप्रति आफ्नो कार्यालयमा राखी अर्को प्रति सम्पत्ति बुझ्ने संरक्षक वा बाल कल्याण गृह प्रमुखलाई बुझाई दिनुपर्छ ।

**बालकको हित तथा सम्पत्तिको संरक्षण गर्नु पर्नेः** (१) बालकको हितको संरक्षण गर्नु संरक्षकको मुख्य कर्तव्य हुनेछ । संरक्षकले अरु कुराको अतिरिक्त देहायको कुरामा विशेष ध्यान दिनुपर्छ :

(क) बालकको शारीरिक एवं मानसिक विकासलाई अभिवृद्धि गर्ने किसिमबाट निजको पालनपोषण गर्ने,

(ख) बालकको बौद्धिक विकासमा सघाउ पुऱ्याउने किसिमको शिक्षाको प्रबन्ध गर्ने,

(ग) बालकलाई खराब लत वा संगतमा पर्न नदिने,

(घ) बालकको सम्पत्तिको अद्यावधिक लगत राख्ने र त्यसको संरक्षण गर्ने

(३) कुनै बालकको सम्पत्ति वा आयस्ता अरुले खाएको भए त्यसलाई उपर गर्न र रोक्का रहेको सम्पत्ति फुकुवा गराउन संरक्षकले आवश्यक कारवाई चलाउनु पर्छ । सो प्रयोजनको लागि संरक्षकले बालकको तर्फबाट अड्डा अदालतमा निवेदन, उजूरी वा फिरादपत्र दिन वा अन्य आवश्यक कानूनी कारवाई चलाउन सक्नेछ ।

**संरक्षकले गर्न हुने कामहरुः** संरक्षकले बालकको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने खर्च बेहोर्नका लागि बालकको कुनै अचल सम्पत्ति कसैलाई कमाउन वा बहालमा दिन सक्नेछ ।

**संरक्षकले गर्न नहुने कामहरु**

(क) बालकलाई निजको शारीरिक क्षमताले भ्याउने भन्दा बढी परिश्रम पर्ने काममा लगाउन,

(ख) बालकलाई निजको धार्मिक वा सांस्कृतिक रीतिस्थितिमा आघात पुग्न जाने कुनै काममा लगाउन वा

त्यस्तो काममा निजको सम्पत्ति उपयोग गर्न, वा

(ग) पछि आफूले लिने मनसायले बालकको सम्पत्ति अरु कसैलाई बिक्री गर्न ।

**संरक्षकले प्रतिवेदन पेश गर्नु पर्नेः** (१) संरक्षकले बालकको पालनपोषण, स्वास्थ्य र शिक्षाको निमित्त आफ्नो तर्फबाट गरेको खर्च र बालकको सम्पत्तिबाट भएको आय र त्यसबाट निजको पालन पोषणको निमित्त गरिएको खर्चको विवरण समेत खुलाई सम्बन्धित बाल कल्याण अधिकारी समक्ष प्रत्येक वर्ष बैशाख  मसान्तभित्र प्रतिवेदन पेश गर्नु पर्छ ।

**अनुमति लिएर संरक्षकले अवकाश लिन सक्नेः** (१) यस ऐन बमोजिम नियुक्त भएको संरक्षकले आफ्नो कर्तव्य पूरा गर्न असमर्थ भै अवकाश लिन चाहेमा त्यसको कारण उल्लेख गरी कम्तिमा एक महिना अघि बाल कल्याण अधिकारी समक्ष निवेदन दिनु पर्नेछ । संरक्षकले त्यसरी निवेदन दिंदा आफूले जिम्मा लिएको बालकको सम्पत्ति र निवेदन दिएको मिति सम्मको खर्चको फाँटवारी पनि पेश गर्नुपर्छ ।

**संरक्षकले पारीश्रमिक पाउनेः** (१) बाल कल्याण अधिकारीले बालकको सम्पत्ति र आयस्ताको विचार गरी संरक्षकको पारीश्रमिक तोकि दिनेछ । (२) उपदफा २३ को उपदफा (३) बमोजिम बालकको सम्पत्ति वा आयस्ता उपर गर्न लागेको मुनासिव माफिकको खर्च र

त्यसरी उपर गरेको सम्पत्तिको पंचकिर्ते मोलको वा आयस्ताको पाँच प्रतिशतमा जुन बढी हुन्छ त्यति रकम संरक्षकले पारिश्रमिक स्वरुप लिन सक्नेछ । (३) बालकको पालनपोषण, शिक्षा वा स्वास्थ्य उपचारको निमित्त संरक्षकले आफ्नो तर्फबाट कुनै खर्च गरेको भए सो खर्च समेत बालकको आयस्ताबाट असूल गर्न सकिनेछ ।

१.११ कल्याणकारी व्यवस्था

**१ केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठन**ः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरु बाल मनोवैज्ञानिक र शिक्षकहरु मध्येबाट समेत सदस्य रहने गरी बढीमा एक्काइस जना सदस्यहरु भएको एक केन्द्रीय बाल कल्याण समिति गठन गर्नेछ । केन्द्रीय बाल कल्याण समितिमा रहने अध्यक्ष र सदस्यको नाम सोही सूचनामा तोकिए बमोजिम हुनेछ । नेपाल सरकारको नीति र निर्देशनको अधीनमा रही सो समितिले काम गर्नेछ । (२) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बाल कल्याण समिति गठन गरिनेछ । जिल्ला बाल कल्याण समितिमा अन्य व्यक्तिको अतिरिक्त देहायका व्यक्ति मध्येबाट प्रमुख जिल्ला अधिकारीले तोकेका व्यक्तिहरु रहनेछन् :

(क) सामाजिक सेवामा कार्यरत व्यक्ति,
(ख) बालकको हक हित सम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता,
(ग) महिला सामाजिक कार्यकर्ता,
(घ) चिकित्सक,
(ङ) बाल मनोवैज्ञानिक, ,
(च) शिक्षक,

(३) केन्द्रिय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समितिका पदाधिकारीको कार्यकाल चार वर्षको हुनेछ र निजहरु पुनः नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

(४) जिल्ला बाल कल्याण समितिका अध्यक्ष जिल्ला बाल कल्याण समितिका सदस्यले आफू मध्येबाट तोकेको व्यक्ति हुनेछ र त्यसरी अध्यक्ष नतोकिएसम्म प्रमुख जिल्ला अधिकारी नै सो समितिको अध्यक्ष भई काम गर्नेछ ।

(५) प्रत्येक जिल्ला बाल कल्याण समितिले जिल्लास्तरमा संचालित क्रियाकलापको सम्बन्धमा बैशाख मसान्त सम्ममा केन्द्रीय बाल कल्याण समिति समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ । जिल्ला बाल कल्याण समितिबाट प्राप्त वार्षिक प्रतिवेदनको आधारमा केन्द्रीय बाल कल्याण समितिले बालक सम्बन्धी राष्ट्रव्यापी प्रतिवेदन तयार गरी प्रत्येक वर्ष आषाढ मसान्त सम्ममा नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(६) यस ऐनमा लेखिएको बाहेक केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**बेवारिसे बालकलाई बाल कल्याण गृहमा राखिने:** (१) बाल कल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैले कुनै बेवारिसे बालक फेला पारेमा वा अरु कुनै व्यक्तिले बुझाउन ल्याउमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औंठाको छाप समेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालकलाई नजिकको बाल कल्याण गृहमा बुझाउनु पर्छ । (२) बस्ने ठाउँको अभाव भएमा बाहेक उपदफा (१) बमोजिम बुझाउन ल्याएको वेवारिसे बालकलाई सम्बन्धित बाल कल्याण गृह प्रमुखले बुझेर लिनुपर्छ । (३) उपदफा (२) बमोजिमको कारण बाल कल्याण गृह प्रमुखले बेवारिसे बालकलाई बुझी नलिएमा निजलाई अर्को कुनै बाल कल्याण गृहमा बुझाउन सकिनेछ ।

(४) बाल कल्याण गृहमा बस्ने बेवारिसे बालकहरुलाई लिङ्गको आधारमा छुट्टा छुट्टै ठाउँमा राख्नुपर्छ ।

**बाल कल्याण गृहमा राखिने अवधि:** (१) बेवारिसे बालकलाई साधारणतया सोह्र वर्षको उमेर पूरा नगरुन्जेल बाल कल्याण गृहमा राखिनेछ । तर त्यस्तो उमेर पुगेको कुनै बालकलाई बाल कल्याण गृहबाट बिदा दिंदा निजलाई जीविकोपार्जनको समस्याको सामना गर्नु पर्ने स्थिति देखिएमा बढीमा अठार वर्षको उमेर पूरा नगरुन्जेल बाल कल्याण गृहमा राख्न सकिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्धा, अपाङ वा सुस्त मनस्थिति भएका बेवारिसे बालकको हकमा तिनीहरुलाई राख्नको निमित्त व्यवस्था गरिएको बाल कल्याण गृहमा नपठाइए सम्म त्यस्ता व्यक्तिको हकमा बाल कल्याण गृहमा बस्ने उमेरको बन्देज लागू हुने छैन ।

**व्यावसायिक तालिम दिन वा काममा लगाउन सहयोग गरिने:** (१) बाल कल्याण गृहमा बस्ने बेवारिसे बालकको रुची वा ज्ञानको आधारमा निजहरुलाई व्यावसायिक तालिम वा पठन पाठनमा संलग्न गराइनेछ । (२) कुनै किसिमको ज्ञान वा सीप हासिल गरिसकेको बेवाारिसे बालकलाई उसको ज्ञान वा सीप सित मिल्दो कुनै व्यावसायिक काममा संलग्न गराउन नेपाल सरकारले सहयोग गर्नेछ ।

१.१५) बाल सुधार गृहको स्थापना र संचालन: (१) नेपाल सरकारले आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालकहरुलाई राखिनेछ :

(क) कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानून बमोजिम थुनामा बस्नु पर्ने बालक,

(ख) प्रचलित कानून बमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानु पर्ने बालक,

(ग) लागू औषधीको कुलतमा लागेको बालक,

(घ) बाबु, आमा वा घर परिवारबाट भागी हिंड्ने गरेको बालक,

(ङ) अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिसँग बस उठ गर्ने वा त्यस्ता व्यक्तिहरुको कृयाकलापमा सरिक हुने वा तिनीहरुको आम्दानीमा आश्रित रहने बालक,
(च) नेपाल सरकारले तोकेको वर्गीकरणका बालकहरु ।
बाल सुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्वारा
संचालन गरेको बाल कल्याण गृह,अनाथालय वा केन्द्रलाई नेपाल सरकारले त्यस्तो व्यक्ति वा निकायको स्वीकृति लिई अस्थायी रुपमा बाल सुधार गृहको रुपमा उपयोग गर्न सक्नेछ । घ) मा उल्लिखित बालकलाई निजको बाबु, आमा वा परिवारको सदस्यको मन्जूरीले बाल सुधार गृहमा राखिएको भए निजको पालनपोषणको निमित्त भएको खर्च निजको बाबु, आमा वा परिवारको सदस्यले व्यहोर्नु पर्नेछ ।
(५) बाल सुधार गृहको संचालन र त्यहाँ बस्ने बालकहरुलाई प्रदान गरिने सुविधा, तालीम, शिक्षा र
बालकहरुले पालन गर्नु पर्ने शर्त तोकिए बमोजिम हुनेछ । केन्द्रिय बाल कल्याण समिति, नेपाल अधिराज्यभित्र
स्थापना भएको सबै र जिल्ला बाल कल्याण समिति वा बाल कल्याण अधिकारीले आफ्नो क्षेत्र भित्रको बाल
कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरुको जहिलेसुकै पनि निरीक्षण गर्न वा गराउन सक्नेछ ।
१.१६) बाल सुधार गृह, अनाथालय आदि सम्बन्धी व्यवस्थाः यस ऐन बमोजिम स्थापित बाल कल्याण
गृह, बाल सुधार गृह, अनाथालय आदिको संचालन गर्ने व्यक्ति निजले प्रयोग गर्न पाउने अधिकार, निजको
सेवाको शर्त तथा त्यस्तो बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रमा बस्ने बालकले पालन गर्नु
पर्ने कुरा र उनीहरुलाई प्रदान गरिने शिक्षा तथा तालिम तोकिए बमोजिम हुनेछ ।
१.१७) बालक्लब आबद्धता प्रक्रियाः निम्न प्रक्रिया पुरा गरेर मात्रै बालक्लबमा आबद्ध हुन सकिन्छ ।

- ☐ सम्बन्धित गा.वि.स.को सिफारिस,
- ☐ अनिवार्य सबैको (समिति) जन्मदर्ता,
- ☐ बाल सञ्जाल भए सञ्जालको सिफारिस,
- ☐ विधान अनुरुप विधि पुरा गरी सम्बन्धित जानकारी प्रदान,
- ☐ जिल्ला बाल कल्याण समितिमा पेश,

- [ ] सम्बन्धित पक्षबाट कानुनी प्रक्रिया आवश्यक कागजात परिक्षण,

- [ ] जिल्ला बालकल्याण समितिबाट नियमानुसार आबद्धता प्रदान ।

**अपाङ्गता भएकाहरुका लागि कार्यक्रम**

शरीरका अंगहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, साँस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवं सामाजिक जविनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ ।

क.१) अपाङ्गताको वर्गीकरणः शारीरिक अङ्गहरु र शारीरिक प्रणलीमा भएको समस्या एवं कठिनाइका प्रकृति अनुसार अपाङ्गतालाई निम्नबमोजिम सात प्रकारमा वर्गीकरण गरिएको छ ।

अ) शारीरिक अपाङ्गताः स्नायू, मांसपेशी र जोर्नीहरु तथा हड्डीको बनावट एवं सञ्चालन कार्यहरुमा भएको समस्याका कारणबाट व्यक्तिमा शारीरिक अङ्गहरुको सञ्चालन, प्रयोग र हिँडडुलमा आएको समस्या

शारीरिक अपाङ्गता हो । जस्तैः बाल पक्षाघात मस्तिष्क पक्षाघात, मांसपेशी विचलन, जोर्नी र मेरुदण्ड सम्बन्धी स्थायी समस्या, क्लबफिट, पैताला फर्केको, रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता इत्यादि शारीरिक अपाङ्गता हो , होचा पुड्काहरु पनि यस वर्गीकरणमा पर्दछन् ।

आ) दृष्टिसम्बन्धी अपाङ्गता **(Blind)**: दृष्टिसम्बन्धी समस्याका कारण व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार रुप र रङ्गको ज्ञान नहुने स्थिति दृष्टि सम्बन्धी पा ङ्गता हो । यो निम्न दुई प्रकारको हुन्छ । यो दुई प्रकुरको हुन्छ ।

इ) दृष्टिविहिनता **Low vision :** कुनै व्यक्ति औषधी, शल्यचिकित्सा तथा चस्मा प्रयोग जस्ता उपचारबाट पनि दुबै आँखाले हातको औँला १० फिटको दुरीबाट छुट्टयाउन सक्दैन अर्थात् स्नेलेन चार्टको पहिलो लाइनको अक्षर(३/६०) पढ्न सक्दैन भने त्यस्तो व्यक्तिलाई न्युन दृष्टियुक्त मानिन्छ ।

ई सुनाइसम्बन्धी अपाङ्गताः सुनाइका अङ्गहरुको बनावट एवं स्वरुपको पहिचान, स्थान उतार चढाव तथा स्वरको मात्रा र गुण छुटयाउने कार्यमा व्यक्तिमा भएको समस्या सुनाइसम्बन्धी अपाङ्गता हो । यो निम्न दुई प्रकारको हुन्छः

इ.१) बहिरा (**Deaf**): नसुन्ने अस्पष्ट बोल्ने वा बोल्न नसक्ने र सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति बहिरा हो । ८० डेसिबल भन्दा माथिको ध्वनि पनि सुन्न नसक्ने व्यक्तिलाई बहिरा मानिनेछ ।

इ.२) सुस्त-श्रवण (**Hard Of Hearing**): कान कम मात्र सुन्ने तर कम सुनेर सफासँग बोल्न सक्ने, सुन्नलाई कानमा श्रवणयन्त्र राख्नुपर्ने व्यक्ति सुस्त श्रवण व्यक्ति हो । ६५ डेसिबल देखि ८० डेसिबल सम्मको ध्वनि सुन्न सक्ने व्यक्तिलाई सुस्त श्रवण मानिनेछ ।

उ) श्रवण दृष्टिविहिन (**Deafblind**): श्रवण र दृष्टिविहिनता दुबै भएको व्यक्ति श्रवणदृष्टिविहिन (

Deaf–blind) अपाङ्गता मानिनेछ । ऊ) स्वर बोलाइ सम्बन्धी अपाङ्गताः स्वर र बोलाइ सम्बन्धी अङ्गहरुमा उत्पन्न अप्ठयारोको कारण

तथा बोल्दा स्वरको उतारचढाबमा कठिनाइ, बोली स्पष्ट नहुनु, बोल्दा शब्द वा अक्षर दोहोरिनुलाई स्वर र बोलाइसम्बन्धी अपाङ्गता मानिनेछ ।

ए) मानसिक अपाङ्गताः मस्तिष्क र मानसिक अङ्गहरुमा आएको समस्या तथा सचेतन, अभिमुखिकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याका कारण उमेर र

परिस्थिति अनुसार व्यवहार गर्न नसक्नु तथा बैद्धिक सिकाइमा ढिला हुनुलाई मानसिक अपाङ्गता मानिनेछ । यो निम्न तीन प्रकारको हुन्छ ।

ए.१) बौद्धिक अपाङ्गता/सुस्त मनस्थितिः १८ वर्षको उमेर अगावै बैद्धिक विकास नभएको कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलापहरु गर्न कठिनाइ हुने व्यक्तिलार्य बैद्धिक अपाङ्गता/सुस्त मनःस्थिति मानिनेछ ।

ए.२) मानसिक अस्वस्थताः मानसिक अस्वस्थता वा कमिकमजोरी वा बिकृतिका कारण दैनिक जीवनयापन गर्न कठिनाइ हुने अशक्ततालाई मानसिक अस्वस्थता मानिनेछ ।

ए ३) अटिज्मः जन्मजात रुपमा कुनै व्यक्तिको उमेरको विकाससंगै सामान्य व्यवहार नदेखिनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार दोहोऱ्याइरहनु, अरुसँग घुलमिल नहुनु वा तीब्र प्रतिक्रिया गर्नुलाई अटिज्म मानिनेछ ।

ऐ बहु-अपाङ्गताः माथि उल्लेख गरिएका मध्य एउटै व्यक्तिमा दुई वा दुई भन्दा बढी प्रकारका अपाङ्गताको समस्यालाई बहु-अपाङ्गता मानिनेछ ।

क.२) अशक्तताको गम्भिरताका आधारमा अपाङ्गताको वर्गीकरणः

☐ पूर्ण अशक्त अपाङ्गताः दनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर अरुको सहयोग लिदा पनि कठिनाइ हुने अवस्थालाई पूर्ण अशक्त अपाङ्गता मानिनेछ । जसले रातो रङ्को परिचयपत्र पाउनेछ ।

☐ अति अशक्त अपाङ्गताः वैयक्तिक क्रियाकलापहरु सम्पादन तथा सामाजिक क्रियाकलापमा सम्लग्न हुन निरन्तर अरुको सहयोग लिनुपर्ने स्थितिलाई अति अशक्त अपाङ्गता मानिनेछ । जसले निलो रङ्को परिचय पत्र पाउनेछ ।

☐ मध्यम अपाङ्गताः भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा अरुको सहयोग लिएर वा नलिइकन निरन्तर दिनचर्या र सामाजिक क्रियाकलापहरुमा सहभागी हुन सक्ने अवस्थालाई मध्यम अपाङ्गता भनिन्छ । जसले पहेँलो रङ्को परिचयपत्र पाउनेछ ।

☐ सामान्य अपाङ्गताः सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफै नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई सामान्य अपाङ्गता मानिनेछ । जसले सेतो रङको परिचयपत्र पाउनेछ ।

**क.३) अपाङ्गता परिचय-पत्र**ः अपाङ्गता भएका व्यक्तिहरूको हितको संरक्षण र संवर्द्धन गर्न, तिनका स्वास्थ्य, शिक्षा, रोजगारी, तालिम, पुनर्स्थापना तथा अवसर समानिकरण गराउँदै विकास प्रक्रियामा समावेशीकरण गराउन तथा राज्यद्वारा तोकिएको सेवा,सुविधा र अवसरको उचित व्यवस्थापन गराउन अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ को नियम ५ अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई दिइने पहिचान पत्र नै अपाङ्गता परिचय-पत्र हो ।
क.४) परिचय-पत्र वितरणका आधारः नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्र खण्ड ५६ २०६३ भाद्र २) मार्फत गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण एवं संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको उद्देश्य, मर्म र भावना यस परिचय-पत्र वितरणका आधार हुनेछन् ।
क.५)उद्देश्यः
(क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान गर्न, स्थानीय निकायदेखि नै त्यस्ता व्यक्तिहरूको लगत राख्न ।
(ख) नेपाल सरकारले २०६३ सालमा जारी गरेको अपाङ्गसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना मुताविक
एवं अपाङ्ग सम्बन्धी अन्य प्रचलित नीति तथा कार्ययोजना र नेपाल सरकारको अध्यावधिक विकास
योजनाहरूका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराइनुपर्ने सेवा सुविधाहरू व्यवस्थित
रूपमा प्रदान गर्न ।
(ग) प्रचलित ऐन, नियमअनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र
समानता प्रदान गरी उपयुक्त अनुकूलता (Reasonable Accommodation) सहित विकास प्रक्रिया र
राज्यका संयन्त्रहरूमा समावेशीकरण गराउन ।

(घ) अपाङ्गताको प्रकृति र मात्राको आधारमा अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा, सुविधा र अवसरको प्राथमीकरण गर्नु ।

**अपाङ्गता परिचयपत्र लिने प्रक्रिया**

क)नागरिकताको फोटोकपी,
ख)अन्य जिल्लाको नागरिकता भएमा बसाई सराइको फोटोकपी
ख)३ वटा पासपोर्ट फोटो
ग)शारीरिक समस्या भएमा पुरै शरीर देखिने गरिको फोटो
घ) डाक्टरलाई जाँच गराएको पुर्जी
ङ) बच्चाहरुको हकमा जन्मदर्ताको फोटोकपी, बाबु वा आमाको नागरिकताको फोटोकपी
घ) परिचय पत्र निर्माणको क्रममा कुनै शुल्क लाग्ने छैन ।

**जेष्ठ नागरिक**

ख.१ जेष्ठ नागरिक: जेष्ठ नागरिक ऐन २०६३ मा व्यवस्था भए अनुसार
(क) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ ,
(ख) "असहाय ज्येष्ठ नागरिक" भन्नाले देहायको कुनै वा सबै अवस्थाको ज्येष्ठ नागरिक सम्झनु पर्छ,
(१) जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको,
(२) पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको,
(३) परिवारको सदस्य भए पनि निजले पालन पोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको ।

ज्येष्ठ नागरिकको दिनचर्यालाई सहज बनाउनका लागि सरकारले ल्याएको नीति अनुसार २०७३ बैशाख १ गते देखि २०७४ कार्तिक २२ गतेसम्म महिला तथा बालबालिका कार्यालय मोरङबाट निम्न संख्यामा ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गरियो ।

| जम्मा ९६२४, नौ हजार छ सय चौबिस | |
|---|---|
| पुरुष | महिला |
| ५५०७, पाँच हजार पाँच सय सात जना | ४११७ जना, चार हजार एक सय सत्र जना |

### ख.२ जेष्ठ नागरिक ऐन २०७३ मा भएका मुख्य-मुख्य व्यवस्था

☐ ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने : ज्येष्ठ नागरिकलाई सम्मान गर्नु सबैको कर्तव्य हुनेछ ।

☐ ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह : (१) ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

☐ ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नु पर्नेछ ।

☐ कसैले ज्येष्ठ नागरिकको इच्छाविपरीत निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु हुँदैन ।

☐ ज्येष्ठ नागरिक वा निजलाई पालन पोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालन पोषण तथा हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।
यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ज्येष्ठ नागरिकको चल, अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नु पर्नेछ ।

☐ दफा ४ बमोजिम ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नु पर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो ज्येष्ठ नागरिकले पालनपोषण तथा हेरचाहको लागि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा अध्यक्ष समक्ष उजुरी दिन सक्नेछ ।

☐ बमोजिम कुनै उजुरी परेमा त्यस्तो उजुरीउपर वडा अध्यक्षले आवश्यक जाँचबुझ गरी निज र निजलाई पालनपोषण तथा हेरचाह गर्नु पर्ने परिवारको सदस्य, नातेदार वाहकवालाबीच मेलमिलाप गराइदिनु पर्नेछ ।

☐ छूट र सुविधा : (१) सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुनेछ ।

☐ नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सीट सुरक्षित राख्नु पर्नेछ र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छूट दिनु पर्नेछ ।

☐ स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

☐ नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले नेपाल सरकारले तोकेको संख्याका ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा पचास प्रतिशत छूट दिनु पर्नेछ ।

☐ खानेपानी, बिजुली, टेलिफोन लगायत सार्वजनिक सेवा प्रदान गर्ने अन्य संस्थाले सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु पर्नेछ ।

☐ यस दफामा उल्लिखित छूट र सुविधाको अतिरिक्त नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ज्येष्ठ नागरिकलाई समय समयमा अन्य छूट र सुविधा दिन सक्नेछ ।

☐ मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्व : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्ष भएको मुद्दालाई अदालतले प्राथमिकता दिई कारबाही र किनारा गर्नु पर्नेछ ।

☐ प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाई गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नु पर्नेछ ।

☐ कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालत समक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्नेछ ।

☐ **कैद सजायमा छूट दिन सकिने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी देहाय बमोजिमको कैद छूट दिन सकिनेछ :-

(क) पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म,

(ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,
(ग) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म प्रचलित कानूनमा जुनसुकै
कुरा लेखिएको भए तापनि कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको
ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न
आदेश दिन सक्नेछ ।
ख.३) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन :
(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला ज्येष्ठ
नागरिक कल्याण समिति गठन गर्न सक्नेछ :-
(क) जिल्ला विकास समितिको सभापति - अध्यक्ष
(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य
(ग) गाउँ विकास समितिको अध्यक्ष र नगरपालिकाको प्रमुखमध्येबाट जिल्ला ज्येष्ठ नागरिक कल्याण
समितिले मनोनयन गरेको एकजना प्रतिनिधि - सदस्य
(घ) कार्यालय प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय- सदस्य
(ङ) ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने जिल्लास्थित संघ, संस्थामध्येबाट जिल्ला ज्येष्ठ नागरिक कल्याण
समितिले मनोनयन गरेको एकजना महिला सहित दुईजना प्रतिनिधि - सदस्य
(च) महिला विकास अधिकृत - सचिव मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजको पुनः नियुक्ति
हुन सक्नेछ । तर, निजले खराब आचरण गरेमा वा निजको कार्यक्षमताको अभावमा निजको पदावधि
पूरा हुनुअगावै नेपाल सरकारले हटाउन सक्नेछ ।
(३) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको सचिवालयको काम जिल्ला महिला विकास कार्यालयले गर्नेछ ।
(४) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।
(५) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिका सदस्यले नेपाल सरकारले तोकेबमोजिमको भत्ता
पाउन सक्नेछन् ।
ख.४) जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको काम, कर्तव्य र अधिकार : जिल्ला ज्येष्ठ

नागरिक कल्याण

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) जिल्लाभित्रका ज्येष्ठ नागरिकको लगत सङ्कलन गर्ने, अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने,

(ख) जिल्ला भित्रका ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिसमक्ष पेश गर्ने,

(ग) नेपाल सरकारबाट स्वीकृत ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी नीति, योजना

तथा कार्यक्रम बमोजिमको जिल्लास्तरीय कार्यक्रम कार्यान्वयन तथा सोको अनुगमन गर्ने,

ख अन्त्येष्टी : हेरचाह केन्द्रमा कुनै ज्येष्ठ नागरिकको मृत्यु भएमा त्यस्तो नागरिकको सामाजिक

परम्परा अनुसार वा निजले इच्छाएको धार्मिक परम्परा अनुसार निजको अन्त्येष्टी गराउने व्यवस्था सम्बन्धित हेरचाह केन्द्रले गर्नु पर्नेछ ।

ख.५) जेष्ठ नागरिक परिचय-पत्रः साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिकलाई सार्वजनिक सेवामा छुट सहित सेवा प्रदान गर्नका लागि राज्यद्वारा दिइने पहिचान पत्र नै जेष्ठ नागरिक परिचय-पत्र हो । राज्यका अग्रज, परिवर्तनका संबाहक जेष्ठ नागरिकको जीवनको उत्तरार्ध कष्टमय समेत हुने गरेकाले सहजताका साथ दिनचर्या व्यतित गर्न केही सहयोग पुगोस भन्दै राज्यद्धारा सार्वजनिक यातायात र सरकारी स्वास्थ्य सस्थामा ५० प्रतिशत छुट दिने कुरा समेत उल्लेख गरि परिचय-पत्र वितरण कार्य सुरु गरिएको हो ।विगतमा यसै महिला तथा बालबालिका कार्यालयबाट वितरण गरिएकोमा सरकारले ज्येष्ठ नागरिक परिचयपत्र निर्देशिका २०७४ जारी गरी हाल आएर ज्येष्ठ नागरिक परिचयपत्र वितरणको सेवा स्थानीय तहबाट सुरु गरिएको छ ।

.............................................................................................................